सूचना

प्रकाशित मिति :- २०७५।०१।१६

समाज कल्याण परिषद्मा आवद्ध भई नियमित नविकरण गराई रहेका गैरसरकारी सामाजिक संघ संस्थाहरुलाई परियोजना संचालन गर्न आर्थिक अनुदान दिने सम्वन्धमा परियोजना प्रस्ताव आव्हान गरी छनौट गर्न गठित संघ संस्था अनुदान सम्वन्धी छनौट उपसमितिको मिति २०७५।०१।१४ को निर्णयानुसार इच्छुक गैरसरकारी सामाजिक संघ संस्थाले तोकिएको ढांचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र समाज कल्याण परिषद कार्यालयमा परियोजना प्रस्ताव पेश गर्न हुन सूचित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएको परियोजना उपर कुनै कार्यवाही गरिने छैन । परियोजना प्रस्ताव निम्नानुसारको शर्त परिधी भित्र रही पेश गर्नुपर्ने छ । परियोजना पेश गर्ने ढांचा यसै साथ संलग्न गरिए वमोजिम हुनेछ ।

शर्तहरु

१) संघ संस्था परिषद्मा आवद्ध भएको हुनुपर्ने ।

२) समाज कल्याण ऐन २०४९ तथा समाज कल्याण नियमावली २०४९ वमोजिम वार्षिक प्रगती प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, जिल्ला प्रशासन कार्यालयमा गरेको नविकरणको प्रतिलिपी, प्यान नम्बर लगायतका सम्बन्धित जिल्लाको गाउँपालिका वा नगरपालिका वा जिल्ला समन्वय समितिको समेत सिफारिस पत्र हुनु पर्ने ।

३) कार्यक्रम नेपाल सरकारले निर्धारण गरेको मानव विकास सूचाङ्क कम भएको जिल्लाहरुमा हुनुपर्ने वा नेपाल सरकारले निर्धारण गरेको महिला, दलित, मधेशी, मुस्लिम, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, जनजाती लगायतका वर्गहरुका लागी हुनुपर्ने ।

४) जून जिल्लामा दर्ता भएो हो सोही जिल्लामा काम गर्ने स्थानीय संघ संस्थाहरुलाई प्राथमिकता दिईने ।

५) बैदेशिक सहयोग प्राप्त नगरेको संघ संस्थाहरुलाई प्राथमिकता दिईने ।

६) एउटा संस्थालाई एउटा मात्र परियोजनाको लागी अनुदान सहयोग उपलब्ध गराउने ।

७) परियोजना संचालनको लागि परियोजना लागत रकममा संस्था र स्थानीय जन सहभागिता भएका संघ संस्थाहरुलाई प्राथमिकता दिईनेछ ।

८) समाज कल्याण परिषद्का पदाधिकारी तथा कर्मचारीहरु संस्थाको कार्य समितिमा संलग्न रहेको संस्थाबाट पेश भएको परियोजनालाई अनुदान सहयोग उपलब्ध नगराउने ।

९) आर्थिक सशक्तिकरण, चेतना अभिवृद्धि, शीपमूलक, भौतिक संरचना स्थानीय समुदायको कला, साहित्य, प्रतिष्ठानलाई प्रत्यक्ष रुपमा लाभ पुयाउने प्रकृतिका परियोजनालाई प्राथमिकता दिईने ।

१०) चालु आर्थिक वर्षको असार मसान्त भित्र पहिलो किस्ता लिएका संघ संस्थाहरुले दोश्रो आर्थिक वर्ष भित्र दोश्रो किस्ता वापतको रकम नलगेमा सो रकम स्वतः फ्रिज हुनेछ ।

११) संस्थाद्धारा पहिलो किस्ता वापत सम्पन्न कार्यक्रममा पेश गरेको प्रगती विवरण, खर्चको फाँटवारी लगायतका विवरणहरु सन्तोषजनक नदेखिएमा वा परिषद्बाट भएको अनुगमन/मूल्यांकनबाट सम्पन्न कार्यक्रम सन्तोषजनक नदेखिएमा पहिलो किस्ता वापत उपलब्ध गराएको रकम संझौटा अनुसार काम गरेन भने रकम फिर्ता लिने छ र दोश्रो किस्ता वापतको रकम निकाशा नदिने ।

१२) संझौता अनुसार कार्य नभएका रकम फिर्ता दिने विषय संघ संस्थासंग गरिने संझौता पत्रमा व्यवस्था गर्ने ।

१३) छनौट उपसमितिद्धारा बजेट परिधी भित्र रही बढी भन्दा बढी संघ संस्थाहरु समेटिने गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्ने ।

१४) अनुदान सहयोग एउटा संस्थालाई बढीमा ५ लाख सम्म उपलब्ध गराउने ।